'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'

www.namastekarnali.com

# नमस्ते कर्णाली

*Namaste Karnali National Daily* राष्ट्रिय दैनिक

वर्ष १ अंक : ३४ शनिवार १२ असोज, २०८१ *28 (Saturday) September 2024* पृष्ठ ४, मूल्य रु : १०।-

## कोहलपुर उद्योग बाणिज्य संघको चुनाव

# प्रजातान्त्रिक र प्रगतिशील समूह चुनावी मैदानमा

■ नमस्ते समचारदाता

कोहलपुर, असोज/११

आगामी कात्तिक ३ गते कोहलपुर उद्योग बाणिज्य संघको नयाँ नेतृत्वको लागि निर्वाचन हुँदैछ। वतर्तमान कायर्यसमितिको कार्यकाल सकिएसँगै संघको नयाँ नेतृत्वको लागि निर्वाचन हुन लागेको हो। चुनावको मिति नजिकिँदै गर्दा व्यवसायीहरू धमाधम उम्मेदवारी घोषणा गरिरहेका छन् । कोहलपुरमा व्यवसायीहरूको चुनावको सरगर्मी बढ्दो छ । आर्थिक मन्दीका कारण सिथिल यहाँका व्यवसायी चुनाव हुने भएसँगै जुर्मुराएका छन् । आकांक्षीहरूले छलफल र भेटघाटलाई तीव्र पारेका छन् । उम्मेदवारी घोषणासमेत गरिरहेका छन् । यसअघि प्रजातान्त्रिक धारका व्यवसायीहरूले उम्मेदवारी घोषणा गरिसकेका छन् । उक्त प्यानलको नेतृत्व व्यवसायी प्रदीप भट्टराईले गर्दै छन् । अब विदा हुन लागेको कायर्यसमितिका वरिष्ठ उपाध्यक्ष रहेका भट्टराईको नेतृत्वमा प्रजातान्त्रिक धारका व्यवसायी चुनावी मैदानमा होमिन लागेका हुन् । नेपाली कांग्रसका तर्फबाट उनी सर्वसम्मत उम्मेदवार पनि छनोट भइसकेका छन् । शुक्रबार उनको विपक्षमा अर्को प्यानल घोषणा भएको छ । दलीय प्रतिस्पर्धाका आधारमा हुने व्यापारीहरूको चुनावमा एमालेका तर्फबाट भने अञ्जना धिताल सर्वसम्मत रूपमा अध्यक्षको उम्मेदवार चयन भएकी छन् । धिताल कोहलपुरकी सफल व्यवसायी हुन् । अनेमसंघकी केन्द्रीय सदस्यसमेत रहेकी धितालले प्रगतिशील व्यवसायिक समुहको नेतृत्व गर्नेछिन् । उनी कोहलपुर उद्योग वाणिज्य संघको अध्यक्ष पदका लागि उम्मेदवारी दिने प्रथम महिलासमेत हुन् । उनलाई नेकपा माओवादी केन्द्रलेसमेत समर्थन गरेको छ । उनले उम्मेदवारी घोषणा सभामा बोल्दै कोहलपुरमा नयाँ इतिहास रच्ने ध्येयका साथ उम्मेदवारी दिएको बताइन् ।



### प्रगतिशील समूहद्वारा उम्मेदवारी घोषणा

कोहलपुर उद्योग वाणिज्य संघको निर्वाचनका लागि प्रगतिशील व्यवसायिक समुहद्वारा उम्मेदवार घोषणा गरिएको छ । उम्मेदवार घोषणा सभामार्फत अध्यक्ष पदमा अन्जना धिताल, वरिष्ठ उपाध्यक्ष भुपेन्द्र काफ्ले उद्योग, उपाध्यक्ष अर्जुन सुवेदी, वस्तुगत उपाध्यक्षमा रुपक भुजेल र महासचिव दिपक अर्यालले उम्मेदवारी घोषणा गरेका हुन्। यस्तै उपमहासचिवमा गोपाल अधिकारी, कोषाध्यक्षमा गंगा बगाले, सह कोषाध्यक्षमा टंक खनाल, सदस्यहरू कृष्ण रानाभाट, भवानी कँडेल, रविप्रसाद कर्मचार्या, मोतिप्रसाद सुवेदी, अस्मिता केसी, परिर्वतन बिश्वकर्मा, राजिव शर्मा, प्रतिमा खड्का, अंकित सिग्देल, एकबहादुर खड्का र बिक्की थापा रहेका छन् ।

# सूचनाको हक पूर्ण कार्यान्वयन गर्न सरकार प्रतिबद्ध छ : मुख्यमन्त्री आचार्य

■ नमस्ते समचारदाता

दाङ, असोज/११

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले सूचनाको हक पूर्ण कार्यान्वयन गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताएका छन् । सूचनाको हक राष्ट्रिय महासंघको आयोजनामा दाङको लमहीमा सुरु भएको सूचनाको हक प्रशिक्षण शिविर उद्घाटन गर्दै मुख्यमन्त्री आचार्यले सूचनाको हक कार्यान्वयन गर्न प्रदेश सरकार खुला किताब भएको, सरकारले गर्न हरेक कामहरु पारदर्शी हुने स्पष्ट पार्नु भएको छ। सरकार खुला किताब बनेर अघि बढ्छ । ढुक्क हुनुस, सरकारले गर्ने हरेक काम पारदर्शी हुन्छन्झउनले भने, -सुशासन कायम भएमा भष्ट्राचार घट्दै जान्छ । यो दिशामा सरकारले आफ्नो काम अघि बढाएको छ । समाज रुपान्तरण गर्न, बेथिति सुधार गर्न, सुशासन कायम गर्न सूचनाको हक कार्यान्वयन जरुरी छ । प्रदेश सरकारले कर्मचारी तहमा १४ बुदे निर्देशन जारी गरेर सूचना अधिकारी अनिवार्य तोक्ने, तस्बिर सहित फोन नम्बर राख्न, वेवसाइडमा पनि सुचना राख्न भनिसकेको मुख्यमन्त्री आचार्यले जानकारी दिए। यस्तै मुख्यमन्त्री आचार्यले प्रदेश मातहतका कार्यालयले सूचना दिन आनकानी गरे सिधै मुख्यमन्त्री कार्यालयमा सम्पर्क गर्न आग्रह गर्नु भयो । सूचना प्राप्त गर्न सक्नु भएन भने सिधै मुख्यमन्त्री कार्यालयका सूचना अधिकारी संग सम्पर्क गर्नुस उहाँले भन्नुभयो-सूचनामा सबैको समान पहुँच पुर्‍याउन हामी जिम्मेवार छौं । सूचनाको हकको प्रभावकारी प्रयोगले पारदर्शिता, जवाफदेहिता, नागरिक सहभागिता र भ्रष्टाचार नियन्त्रण गर्न राज्यका विभिन्न संरचनामा सुधार ल्याउन महत्त्वपूर्ण योगदान पुर्‍याउँने भनाइ उनको छ। सरकार नागरिक प्रति उत्तरदायि छ । संवैधानिक र कानुनी रूपमा प्राप्त नागरिकको यो अधिकारलाई जति धेरै प्रयोगमा ल्याउन सकिन्छ, त्यति नै राज्य तथा सार्वजनिक निकायलाई जवाफदेही बनाउँछ। लुम्बिनी प्रदेश सरकार सूचनाको हक कार्यान्वयन गर्न प्रतिबद्ध रहेको जानकारी दिदै उहाँले सुशासन कायम गर्दै भ्रष्टाचार नियन्त्रणका लागी पाँच बर्षे रणनीतिक योजनामा पनि सूचनाको हक कार्यान्वयनलाई प्राथमिकितामा राखेको बताए।




***बाँकी ४ पेजमा...***

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.

सम्पर्क : कोहलपुर-११, बाँके

ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट

कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९

FOLLOW US

: namastekarnali2068@gmail.com
: namastekarnali.com

नमस्ते कर्णालीमा लेख, रचना पठाउन

namastekarnali2067@gmail.com 9847246903

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।


तांजाकोट गाउँपालिका
हुम्ला

# परिपाटी सुधारे सुध्रन्छ देश



यज्ञप्रसाद भट्टराई

लोकतन्त्रमा आवधिक निर्वाचनलाई महत्वपूर्ण खम्बा मानिन्छ । २०७९ सालमा सम्पन्न भएको निर्वाचनमा दलले उम्मेदवार छनोट गर्दा केही महत्वपूर्ण सवाल देखिएका छन् । कतिपय राजनीतिक दलले भ्रष्टाचार सम्बन्धी कसूरमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा चलाएको र अदालतमा उक्त मुद्दा विचाराधीन रहेको अवस्थामा छ । जसमा भ्रष्टाचार अभियोग लागेका व्यक्तिलाई उम्मेदवार छनोट गरेको पाइन्छ । यसैगरी, एउटा पार्टीको बहालवाला अध्यक्षले आफ्नै हातले हस्ताक्षर गरी 'दलको चुनाब चिह्नबाट आफ्ना उम्मेदवारलाई मनोनयन पत्रको औपचारिक पत्र प्रदान गर्ने तर पार्टीको अध्यक्ष स्वयं अर्को दलको चुनाव चिन्ह लिएर चुनाव लडेको पाइन्छ । एउटा दलको बहालवाला अध्यक्ष अर्को दलको तर्फबाट समानुपातिक निर्वाचन प्रणाली तर्फको निर्वाचनमा उम्मेदवार मनोनयन भई प्रतिनिधि सभा सदस्यमा निर्वाचित भएको अवस्था पनि छ । राजनीतिक दलको तर्फबाट निर्वाचनमा उम्मेदवार मनोनयन गर्दा र समानुपातिक निर्वाचन प्रणालीतर्फ बन्द सूची पेस गर्दा केही समस्या देखिए । जसमा कुनै दललाई सातजना उम्मेदवार सिफारिस गरी पठाउन आयोगले पत्राचार गरेकोमा दस जनासम्म सिफारिस गरी पठाएको पनि पाइयो । एउटा समावेशी समूहबाट उम्मेदवार सिफारिस गर्नुपर्नेमा अर्को समावेशी समूहबाट उम्मेदवार सिफारिस गरी पठाएको अवस्था पनि थियो । मतदाता नामावलीमा नाम नभएका व्यक्तिलाई समेत कतिपय दलले उम्मेदवार सिफारिस गरी आयोगमा पठाएको एवं उमेर नपुगेका व्यक्तिलाई समेत उम्मेदवार सिफारिस गरी पठाउने गरेको भेटियो । लाभको पदमा रहेका व्यक्तिलाई समेत उम्मेदवार सिफारिस गरी दलले पठाउने गरेको अवस्था पनि छ । दलले समानुपातिक निर्वाचनतर्फ बन्द सूची पेस गर्दा तथा उम्मेदवार मनोनयन गर्दा आवश्यक कागज प्रमाण पेस नगर्ने गरेको तथा कानुन बमोजिमका अयोग्य व्यक्तिलाई समेत उम्मेदवार सिफारिस गर्ने गरेको पाइन्छ । आयोगले तोकेको निश्चित समयमा नै बन्द सूची तथा उम्मेदवार मनोनयन गरी पठाउनुपर्नेमा सो समयलाई बेवास्ता गर्ने गरेको एवं एउटा पदमा एउटै दलबाट दोहोरो उम्मेदवारी दिने गरेको लगायतका सवाल पनि देखिए । समानुपातिक निर्वाचन प्रणालीतर्फ आयोगले तोकेको दिन र समयमा उम्मेदवारको बन्दसूची पेश गर्नुपर्नेमा कतिपय दलका प्रतिनिधिमात्र अन्तिम समयमा आयोगमा उपस्थित भए । साथै, रातभर आयोगमा बसेर उम्मेदवार त्यहीबाट चयन एवं फेरवदल गर्नेजस्ता दृश्य पनि निर्वाचनको समयमा देखिन्छन् । उम्मेदवार छनोट गर्दा आर्थिक लेनदेन भएका समाचार पनि आएकै हुन् । तथ्यहरूले कतिपय दलको निर्वाचनमा उम्मेदवार छनोट गर्ने परिपाटी अवाञ्छित, स्वेच्छाचारी, अपारदर्शी र गैरप्रजातान्त्रिक रहेको देखाउँछ । निर्वाचनमा उम्मेदवार छनोट




गर्ने प्रक्रिया विभिन्न देशहरूमा फरक फरक पाइन्छ । अन्तर्राष्ट्रिय अभ्यास हेर्ने हो भने अमेरिकामा राजनीतिक दलहरूले उम्मेदवार चयन गर्ने प्रक्रिया विशेष रूपमा संगठित र संस्थागत छ । अमेरिकामा दलले उम्मेदवार चयन गर्ने प्रक्रिया अत्यधिक प्रतिस्पर्धात्मक, प्रजातान्त्रिक र पारदर्शी हुन्छ, जसले देशभरि व्यापक ध्यान आकर्षित गर्छ । दक्षिण कोरियामा राजनीतिक दलहरूले उम्मेदवार छनोट गर्ने प्रक्रिया विशेष छ, जसले लोकतान्त्रिक अभ्यासलाई बढावा दिन्छ । दलले उम्मेदवार छनोट गर्ने प्रमुख चरणहरू र प्रक्रियामध्ये प्राथमिक निर्वाचन महत्वपूर्ण छ । जहाँ दलहरूले प्रायः प्राथमिक निर्वाचनको माध्यमबाट उम्मेदवार छान्छन् । कतिपय अवस्थामा दलहरूले जनमत संग्रह र सर्वेक्षणहरू पनि गर्छन् । जनताको राय र समर्थनको मूल्यांकन गर्न यस्ता उपकरण प्रयोग गरिन्छन् । उम्मेदवार चयन प्रक्रियाको अन्त्यमा दलले आधिकारिक रूपमा आफ्नो उम्मेदवारहरूको सूची सार्वजनिक गर्छन् । यस्तो घोषणा मिडिया, अनलाइन प्लेटफर्महरू र पार्टीका सभासमारोहमा गरिन्छ । दक्षिण कोरियामा उम्मेदवार छनोट प्रक्रियामा दलहरूले निष्पक्षता र सहभागितालाई उच्च प्राथमिकता दिएको पाइन्छ । यसले दलभित्रको एकता र जनसमर्थनलाई बलियो बनाएको पाइन्छ । सबै प्रक्रिया कानुन र निर्वाचन आयोगका निर्देशनहरूका आधारमा सञ्चालन गरिन्छ । जर्मनीमा राजनीतिक दलहरूले उम्मेदवार छनोट गर्ने प्रक्रिया संघीय, राज्य र स्थानीय स्तरमा संगठित र लोकतान्त्रिक अभ्यासमा आधारित छ । उम्मेदवारको चयन दलहरूको आन्तरिक लोकतान्त्रिक प्रक्रियाहरू, सदस्यहरूको सहभागिता र दलको आन्तरिक चुनावमार्फत उम्मेदवार चयन गर्छन् । दलका विभिन्न निकायले उम्मेदवारको नामांकनको प्रस्ताव गर्छन् । अन्तिम निर्णय गर्ने जिम्मा पार्टीका सदस्यहरू वा दलका निर्वाचित प्रतिनिधिहरूको हुन्छ । नेपालमा हाल निर्वाचन आयोगमा दर्ता भएका दलको संख्या ११९ छ । विगतको निर्वाचन अभ्यास हेर्दा आयोगमा दर्ता भएका सबै दल निर्वाचन प्रयोजनलाई दर्ता भएको अवस्था छैन । निर्वाचन प्रयोजनका लागि दर्ता भएका सबै दलले आफ्ना उम्मेदवार छनोट गरी निर्वाचनमा भाग लिएका पनि छैनन् । विगतको अभ्यास हेर्दा दलहरूले निर्वाचनमा उम्मेदवार छनोट गर्ने विधि अत्यन्त अप्रजातान्त्रिक देखिन्छ । केही नयाँ दलले निर्वाचनमा उम्मेदवार छनोट गर्न प्राथमिक निर्वाचन गर्ने कुराको सुरुआत गर्ने बहस उठाए । तैपनि पूर्णरूपमा अभ्यासमा ल्याउन सकेका छैनन् । कतिपय ठूला राजनीतिक दलको विधानमा प्रजातान्त्रिक मूल्यमान्यता, पारदर्शिता, राजनीतिक संस्कार, समानुपातिक समावेशीता जस्ता कुरा छन् । तर, ती व्यवहारमा पटक्कै लागू हुन सकेको छैन । विधानमा व्यवस्था गर्दैमा र भाषणमा शब्दहरू बोल्दैमा कुनै पनि दल प्रजातान्त्रिक हुन सक्दैन । दल प्रजातान्त्रिक हुन आफ्ना आदर्श र मूल्यमान्यताका कुरा व्यवहारमा उतारी देखाउन एवं अभ्यासमा ल्याउन सक्नुपर्छ । अहिले निर्वाचन प्रणाली सुधारको बहस चलेको छ । संविधान संशोधन गर्ने विषयहरूको चर्चा परिचर्चा हुन थालेको छ । संविधान भनेको प्रगतिशील दस्तावेज हो, समयसापेक्ष संशोधन एवं परिमार्जन हुँदै जानुपर्छ । तर, संविधान संशोधनले मात्र अहिलेको विकृति समाधान हुन सक्दैन । दल र तिनका नेता एवं जनप्रतिनिधिको पनि आचरण र व्यवहार पनि संशोधन हुनु आवश्यक हुन्छ । दलहरूमा उम्मेदवार छनोट गर्ने परिपाटी नसुधार्ने हो भने मुलुकको शासन पनि सक्दैन । अपारदर्शी र अप्रजातान्त्रिक परिपाटीबाट उम्मेदवार छनोट भई निर्वाचित व्यक्तिले शासन पनि त्यही अनुरूप सञ्चालन गर्छन् । त्यसको मार आमजनतालाई पर्छ । अब राजनीतिक दलहरूले निर्वाचनमा उम्मेदवार छनोट गर्दा प्राथमिक निर्वाचन प्रणाली अवलम्बन गर्ने कि ? ताकि सक्षम, योग्य, इमान्दार, क्रियाशील र निष्ठावान् व्यक्ति छनोट गर्न आवाश्यक छ । तर यो अवलम्बन नगर्ने हो भने निर्वाचन कानुन संशोधन गरी कुनै पनि उम्मेदवारलाई समर्थन नरहने गरी मतदाताले मतपत्रमा मतदान गर्न सक्ने वा उम्मेदवार अस्वीकार गर्ने अधिकार दिनुपर्छ । उम्मेदवारलाई समर्थन नरहेको मतसंख्या पचास प्रतिशतभन्दा बढी भएमा उक्त निर्वाचन रद्द गरी पुनः मतदान गर्ने व्यवस्था गर्नुपर्छ । यस्तो प्रावधानले दल र दलका उम्मेदवार एवं जनप्रतिनिधिलाई जनताप्रति बढी उत्तरदायी र जिम्मेवार बनाउँछ । जसले लोकतन्त्र पनि सुदृढ हुन्छ ।

*–अन्नपूर्ण*

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता, कालीकोट

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पडेक्षा, कालीकोट

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मेहलमुडी, कालीकोट

जन्म, मृत्यु, विवाह, बसाईं सराईं र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

हिमाली गाउँपालिका
धुलाचौर,बाजुरा

# आगामी हुन गइरहेको कोहलपुर उद्योग वाणिज्य संघको निर्वाचनका लागि प्रगतिशिल व्यवसायिक समुहको उम्मेदवार घोषणा सभाका केही फोटोफिचर




















# तीन महिनापछि खुल्यो संस्कृत विश्वविद्यालयको ताला




■ नमस्ते समचारदाता

दाङ, असोज/११

दाङको बेलभुन्डीमा रहेको नेपाल संस्कृत विश्वविद्यालय केन्द्रीय कार्यालयमा लागेको ताला खुलेको छ । विभिन्न विद्यार्थी संगठनहरूले तीन महिनादेखि लगाएको सबै ताला बिहीबार बाट खुलेको हो । विद्यार्थी संगठन र आंशिक प्राध्यापकहरूले विभिन्न माग राखी तालाबन्दी गरेका थिए । आंशिक प्राध्यापकहरूले यसअघि नै ताला खोले पनि विद्यार्थी संगठनहरूको बाँकी थियो। लामो वार्ता र छलफलपछि विद्यार्थी संगठन ताला खोल्न सहमत भएको विश्वविद्यालयका तर्फबाट गठित वार्ता टोलीका संयोजक जनता विद्यापीठ बिजौरीका प्राचार्य योगराज शर्माले बताए। विश्वविद्यालयको बेलभुन्डीस्थित केन्द्रीय कार्यालय र आंगिक निकायमा तीन महिनादेखि ताला लाग्दा आर्थिक, शैक्षिक, प्राज्ञिक र प्रशासनीक काम पूर्ण रूपमा प्रभावित भएका थिए।

## सूचनाको...

सूचनाको हक राष्ट्रिय महासंघका राष्ट्रिय अध्यक्ष उमिद बाग्चनले सूचनाको हक कार्यान्वयनले राज्य संग नागरिकलाई नजिक बनाउने भएकाले यसको पूर्ण कार्यान्वयनमा जोड दिए। उनले सुशासन कायम गर्दै भष्ट्राचार निवारण गर्न सूचनाको हक प्रयोगले टेवा पुऱ्याउने बताउनु भयो। सरकारले हरेक तीन/तीन महिनामा स्वतः प्रकाशन गर्ने सूचना प्रकाशनमा जोड दिए। लुम्बिनी प्रदेशका संस्थापक प्रदेश सभा सदस्य रेवतीरमण शर्माले सूचनाको हकको पूर्ण कार्यान्वयनले सबै पक्षलाई जिम्मेवार बनाउने बताए । लमही नगरपालिकाका प्रमुख जोगराज चौधरीले सही र सत्य सूचना संप्रेषणमा ध्यान दिनुपर्ने बताए । नेपाल पत्रकार महासंघ लुम्बिनी प्रदेशका उपाध्यक्ष चुमा आचार्यले सूचना नदिने प्रवृत्ति बढिरहेको भन्दै ध्यानाकर्षण गराए । सूचनाको हक राष्ट्रिय महासंघका केन्द्रीय उपाध्यक्ष ब्रिजराज कुश्वाहले सुचनाको हक कार्यान्वन गर्न तीन तहका सरकार जिम्मेवार हुनुपर्ने बताउनु भयो ।

# बझाङको साइपाल गाउँपालिकामा बैंक स्थापना

■ नमस्ते समचारदाता

बझाङ, असोज/११




बझाङ जिल्लाको साइपाल गाउँपालिकामा संघीयता लागू भएको ७ वर्षपछि बैंक स्थापना भएको छ । एभरेष्ट बैंकले असोज १० गते बिहीबारबाट साइपाल गाउँपालिकाको काँडामा शाखा सञ्चालन गरि सेवा सुरु गरेको हो । साइपालमा बैंक पुगेसँगै देशभरका सबै स्थानीय तहहरूमा बैंक तथा वित्तीय संस्थाको उपस्थिति भएको छ । संघीयतापछि सबै स्थानीय तहमा बैंक पुऱ्याउने सरकारी लक्ष्यअनुसार नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूलाई पालिकामा शाखा सञ्चालन गर्न निर्देशन दिएको थियो । २०७४ असार मसान्तसम्म शाखा सञ्चालन गर्ने भन्ने अवधिसम्म २९७ स्थानीय तहमात्रै बैंक तथा वित्तीय संस्थाको पहुँचमा पुगेका थिए । राष्ट्र बैंकले निर्देशन दिएको सात वर्षपछि साइपाल गाउँपालिकाले बैंक पाएको छ । वर्षौंको प्रयासपछि पालिकामा बैंक सञ्चालनमा ल्याएको गाउँपालिका अध्यक्ष मानवीर बोहराले बताए । बोहोराका अनुसार बैंक सञ्चालनका पटक- पटक काठमाडौं धाउँदै, पत्र पठाउँदै गरेपछि बल्ल एभरेष्ट बैंकले शाखा सञ्चालन गरेको हो । चीनको सिमानासँग जोडिएको साइपाल गाउँपालिका बझाङकै विकट पालिका हो । शाखा सञ्चालन गर्नका लागि गाउँपालिकाले मेसिनहरू हेलिकोप्टरबाट ढुवानी गरिदिएको, पक्की भवन बनाइदिएको, सुरक्षाकर्मी खटाएको, इन्टरनेटको व्यवस्था गरिदिएको, सोलार प्यानल जडान गरिदिएको अध्यक्ष बोहोराले बताए । बिहीबारबाट बैंक सञ्चालनमा आए पनि दसैं तिहार अगाडि खातापाता खोल्ने काम हुने र तिहारपछि मात्रै कारोबार सञ्चालन हुने बताइएको छ ।

# बाजुरामा उत्पादित स्याउ बजार पुऱ्याउनै मुस्किल

• नमस्ते समचारदाता

गुल्मी, असोज/०९



बाजुराका धनबहादुर रावल स्याउ बिक्रीका लागि धनगढी पुगेका छन् । चाडपर्व नजिकिएसँगै स्याउको माग बढेपछि उनलाई स्याउ बिक्री गर्न कुनै समस्या परेन । तर गाउँबाट स्याउ ढुवानी गरेर बजार पुऱ्याउन भने उनले निकै सास्ती खेप्नु परेको छ । ‘ धनगढी ल्याइपुऱ्याएको ४१७ पेटी -६ हजार २५५ किलो) स्याउ दुई दिनमै बिक्री भइसक्यो,’ उनले भने, ‘गाउँमा फलेको अर्ग्यानिक स्याउ ग्राहकको रोजाइमा पर्न थालेको छ । बजार ल्याउन गाह्रो । ल्याएपछि बिक्री नहोला भन्ने समस्या छैन ।’ वर्षासँगै गएको पहिरोले बाजुरा-अछाम सडकखण्ड अवरुद्ध भएपछि कालिकोट, दैलेख, सुर्खेत, बाँके, बर्दिया हुँदै धनगढीमा स्याउ बिक्रीका लागि ल्याएका थिए । बाजुरा स्वामीकार्तिक गाउँपालिकाका किसान रावलको बारीमा रोपिएका एक हजार १०० स्याउका बोटमध्ये यस वर्ष ३०० बोटमा स्याउ फलेको थियो । धनगढी बजारसम्म पुऱ्याउन एक ट्रकको ढुवानी भाडा ७० हजार रुपैयाँ परेको थियो । माग बढे पनि किसानले उचित मूल्य भने नपाएको गुनासो गरेका छन् । उत्पादनमा संलग्न किसानले अहिले प्रतिकिलो ४० रुपैयाँ मात्रै मूल्य पाएका छन् । यो स्याउ धनगढी बजारमा भने १२० रुपैयाँमा बिक्री भएको छ । बाजुराबाट सुर्खेतमा तीन ट्रक, छिन्चुमा दुई र कैलालीको बौनिया र धनगढीका लागि एक-एक ट्रक स्याउ बजारीकरणका लागि ल्याइएको बिक्रेताको भनाइ छ । सडकको भरपर्दो सुविधा नहुँदा उत्पादित स्याउ बजारसम्म पुऱ्याउन पनि मुस्किल छ । बाजुराको हिमाली भेग पाण्डुसैन, बुढीनन्दा, स्वामीकात्तिक र जगन्नाथ गाउँपालिका अर्ग्यानिक स्याउ उत्पादनका लागि प्रख्यात छन् । उत्पादन स्थलसम्म सडकको पहुँच नहुनु, भएका सडक पनि बर्खायाममा भत्किएर बन्द हुनु, भण्डारणका लागि उचित व्यवस्था नहुनुजस्ता समस्याले उत्पादित स्याउ बजारसम्म पुऱ्याउन समस्या हुने गरेको छ । बाजुराको अर्ग्यानिक स्याउ धनगढी पुगेपछि स्थानीय उपभोक्ताले पनि यसको स्वाद पनि लिन पाएका छन् । धनगढीका फणीन्द्र जोशीले बाजुराको स्याउ रसिलो र स्वादिलो भएको अनुभव सुनाए । सुदूरपश्चिम प्रदेशको धनगढीलगायत शहरी क्षेत्रका फलफूल बजारमा भारतबाट आयातित स्याउको कारोबार हुने गरेको छ ।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:

आकर्षक
भित्ते घडी
यतिमात्र होईन... साथमा
बम्पर उपहार

रंगिन टिभी एकजनालाई

१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
कोहलपुर. न्यरोड बाँके फोन नं. ९८४७२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
; Dks{M*$&@^()# OfjMnamastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके